# सिद्धिचरण नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

पत्र संख्याः ०७८/०७९ — १ नं. प्रदेश, नेपाल

चलानी नं. — मितिः २०७८।०६/ १२

**सामुदायिक मनोसामाजिक कार्यकर्ता संयोजक (CPSW Coordinator) पदको दरखास्त आव्हान सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०७८।०६।११ )

संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (UNFPA) को आर्थिक तथा प्राविधिक सहयोग तथा आइपास (IPAS)नेपाल र मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (CMC Nepal) को साझेदारीमा यस नगर क्षेत्रमा सञ्चालन हुने ‘‘लैंङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य कार्यक्रम’’ अन्तरगत तपसिलमा उल्लेखित पदको जनशक्ति सेवा करारद्वारा पदपूर्ति गर्नुपर्ने हुँदा सो पदका लागि दरखास्त दिन योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट रितपूर्वकको दरखास्त आव्हान गरिन्छ ।

**तपसिल**

**१) विज्ञापन नं.** ०५

**२) पदः** सामुदायिक मनोसामाजिक कार्यकर्ता संयोजक (CPSW Coordinator)

**३) सेवाको किसिमः** सेवा करार

**४) आवश्यक पद संख्याः** १ (एक)

**५) मासिक तलब सुविधाः** २२५००।-

**६)** यातयात तथा सञ्चार खर्च मासिक रु. १५००।-

**७) न्यूनतम योग्यताः**

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उतीर्ण गरेको,

(ख) सामुदायिक मनोसामाजिक कार्यकर्ताको सुपरीवेक्षण तथा समन्वय सम्बन्धी कामको अनुभव भएको,

(ग) लैङ्गिक एवम् घरेलु हिंसा रोकथाम र प्रतिकार्यमा कम्तिमा पनि ३ (तीन) बर्ष काम गरेको र मनोपरामर्श सेवा सम्बन्धी अनुभव भएको,

(घ) मनोसामाजिक क्रियाकलापको प्रतिवेदन लेखन तथा घटना अभिलेख सम्बन्धी अनुभव भएको,

(ङ) मनोसामाजिक समस्या सम्बन्धी केशहरुको प्रेषण तथा अनुगमन सम्बन्धी अनुभव भएको,

(च) समूहसंग मिलेर काम गर्न सक्ने, विभिन्न वडामा कार्यरत मनोसामाजिक कार्यकर्ताहरुको कामको संयोजन, समन्वय र अन्तरब्यक्ति सञ्चार तथा नेतृत्व सीप भएको,

(छ) स्थानीय तथा राष्ट्रियस्तरमा लैङ्गिक हिंसा सम्बन्धी जानकार तथा यस्ता हिंसाबाट प्रभावितको मनोसामाजिक सहयोगको आवश्यकता तथा सहयोगको प्रक्रिया वारे राम्रो जानकारी भएको ।

(ज) इमेल, इन्टरनेट, MS Word, MS Exel तथा Power Point मा जानकारी तथा प्रयोग गर्ने सीप भएको ।

**८) काम गर्नुपर्ने स्थानः** सिद्धिचरण नगर कार्यपालिकाको कार्यालय ओखलढुङ्गा ।

**९) उमेर :** दरखास्त दिने अन्तीम मिति सम्ममा १८ बर्ष पूरा भई ४० वर्ष ननाघेको ।

**१०) दरखास्त दस्तुर :** ५००।- (पाँच सय)

**११)दरखास्त दिने अन्तीम मिति :** प्रथम पटक सूचना प्रकाशित मितिले १५(पन्ध्र) दिनभित्र (दरखास्त दिने अन्तीम मितिको दिन सार्वजानिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय समयभित्र ।

**१२) दरखास्त दिनुपर्ने स्थानः** सिद्धिचरण नगरपालिकाको कार्यालय महिला बालबालिका तथा समाज कल्याण शाखा

**१३) सर्म्पक मितिः** दरखास्त दिने अन्तीम मितिको भोलिपल्ट ।

**१४) परीक्षाको किसिमः** लिखित तथा अन्तरवार्ता ।

**१५) दरखास्तसाथ संलग्न राख्नुपर्ने कागजातहरु :**

नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यता, तालिम,अनुभव खुल्ने कागजातहरको स्वप्रमाणित प्रतिलिपि १/१ प्रति, पासपोर्ट साइजको फोटो -२ प्रति र यस कार्यालयको राजश्व शाखामा दरखास्त दस्तुर बुझाएको सक्कल रसिद

**१६)** दरखास्त फाराम र परीक्षाको पाठयक्रम यस कार्यालयबाट वा कर्यालयको वेवसाइट www.siddicharanmun.gov.np बाट लिन सकिनेछ ।

यस सम्बन्धमा थप जानकारी लिनु पर्ने भएमा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क राख्न वा ९८४२९४०६०७ मा सम्पर्क गर्न सकिनेछ ।

नरेन्द्रराज राई
अधिकृतस्तर सातौं